गण्डकी बोर्डिङ स्कुल
GANDAKI BOARDING SCHOOL
(National School)
Lamachaur, Pokhara -16, Nepal

00977-61-443398, 443414, 444719
P.O. Box No.9
Email: info@gbs.edu.np
www.gbs.edu.np

मिति :२०८२/०५/०७

# प्रेस विज्ञप्ती

यहि मिति २०८२ साल भाद्र ६ गते बिहान करिब १:३० बजे पछि यस विद्यालयको आवासमा रहेका केही बाबुनानीहरुमा अकस्मात पेट दुख्ने, वाकवाकी लाग्ने तथा पखला लाग्ने जस्ता समस्या देखिई उनीहरुलाई विद्यालयको स्वास्थ केन्द्रमा उपचार गरिएको थियो । बिहान ९ बजे सम्म यस्ता धेरै केसहरु आएको तर पूर्व उपचार गरिएको विद्यार्थीहरुमा पुनः समस्या नदेखिएको तथा केही विद्यार्थीहरुमा मानसिक त्रासका कारण समेत लक्षण देखिएको व्यहोरा जानकारी गराइन्छ । सोही दिनको दिउँसोतिर समस्या सामान्यीकरण तर्फ गइ सकेको भएता पनि विद्यालयको नियमित तालिका अनुसार अधिकांस बाबुनानीहरु निर्धारित समयमा नै घर पठाइएको तथा केहीलाई भने अभिभावकको जिम्मा लगाई समय अगावै घर पठाइएको थियो । उक्त दिन नै विद्यालयमा आन्तरिक छलफल गर्दा अघिल्लो दिन खरिद गरि ल्याएका खाद्य पदार्थहरुमा खाद्य विपाक्तताको आशंका गरी खाद्य प्रविधि तथा गुणस्तर नियन्त्रण कार्यलय, पोखरालाई पत्राचार गरी छानबिन गरिदिनका लागि अनुरोध गरिएको छ । साथै गण्डकी प्रदेश स्वास्थ मन्त्रालयलाई अनुरोध गरिएकोमा मन्त्रालयको एउटा प्राविधिक टोलिले छानबिनका लागि विद्यालयको अवलोकन भ्रमण तथा आवश्यक सोधपुछ भईसकेको व्यहोरा समेत जानकारी गराइन्छ । यसका लागि विद्यालयको सिनियर म्यानेजमेन्ट टिमले एउटा छानबिन समिती गठन गरिसकेको व्यहोरा जानकारी गराइन्छ ।

यसै विषयमा केही अनलाइन पत्रपत्रिकाहरुमा घटनालाई अतिरन्जित गरिएको तथा सामजिक सन्जालमा सहायक प्रचार्यको नाममा विद्यालयमा ३ दिन बिदा गरिएको जस्ता भ्रामक कुरा प्रचार भएको जानकारीमा आएको छ ।

आजको दिन विद्यालयमा रहेका बाबुनानीहरुमा कुनै समस्या नभएको तथा बिदामा घर गएका बाबुनानीहरुमा समेत समस्या नदेखिएको बुझिन आएको छ । हाल विद्यालयमा कुनै पनि समस्या नरहेको तथा नियमित तालिका अनुसार नै आइतबार देखी विद्यालय सन्चालन हुने कुरा विद्यालयले अनुरोध गर्दछ ।

डा.विश्वयुधिर पौडेल घर्ती

प्राचार्य